# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७)जनकपुरधाम,नेपाल,असोज१६गते,२०८०साल(अतिरिक्ताङ्क४

भाग २

## मधेश प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८०

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम **"मधेश प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८०"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

(ख) "मुख्यमन्त्री" भन्नाले मधेश प्रदेश सरकारको मुख्यमन्त्री सम्झनु पर्छ ।

(ग) "मन्त्री" भन्नाले मधेश प्रदेश सरकारको मन्त्री सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र रुपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री वा सहायक मन्त्रीलाई समेत जनाउँछ।

३. **मन्त्रालय र कार्यसम्पादनः** मन्त्रालय अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन्। मधेश प्रदेश सरकारको कार्यसम्पादन सोही मन्त्रालयहरूद्वारा हुनेछन्।

४. **कार्य विभाजनः** (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक वा एक भन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काम मध्ये केही काम आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ।

तर सम्बन्धित मन्त्री मधेश प्रदेश बाहिर जानु परेको अवस्थामा निजको काम कुनै अर्को मन्त्री वा मुख्यमन्त्री आफैंले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन।

५. **<u>मन्त्रीको जिम्मेवारी:</u>** (१) नियम ४ बमोजिम मन्त्रालयलाई तोकिएको कार्यहरु प्रचलित कानूनको दायरा भित्र रही सम्पादन गर्ने वा गराउने जिम्मेवारी र प्रचलित कानून बमोजिम कार्यसम्पादन भए नभएको विषयमा बहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ।

(२) प्रदेश सरकार अन्तर्गतका कर्मचारीहरु प्रति पदीय मर्यादा एवं आचरणलाई ख्याल गरी उच्च नैतिकता, शालीनता र सौहार्धपूर्ण ढंगको व्यवहार गर्नु र प्रचलित कानून विपरितको काम गर्न दबाव नदिनु सम्बन्धित मन्त्रीको जिम्मेवारी र कर्तव्य हुनेछ।

(३) यस नियम विपरितको आचरण, व्यवहार र कार्य गर्ने मन्त्रीलाई मुख्यमन्त्रीले लिखित रुपमा सचेत गराउन वा नेपालको संविधान बमोजिम जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ ।

६. **<u>अनुसूचीमा हेरफेर:</u>** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

७. **<u>खारेजी र बचाउ</u>** : (१) मधेश प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ खारेज गरिएको छ। सो नियमावली बमोजिम भएका काम कारवाही र बचाउ गरेको विषय यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

(नियम ३ सँग सम्बन्धित)

**मन्त्रालयको नाम**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

२. गृह, सञ्चार तथा कानून मन्त्रालय,

३. अर्थ मन्त्रालय,

४. खेलकुद तथा समाज कल्याण मन्त्रालय,

५. शिक्षा तथा संस्कृति मन्त्रालय,

६. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,

७. भौतिक पूर्वाधार विकास मन्त्रालय,

८. उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय,

९. वन तथा वातावरण मन्त्रालय,

१०. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय,

११. श्रम तथा यातायात मन्त्रालय,

१२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।

अनुसूची-२
(नियम ४ सँग सम्बन्धित)

## मन्त्रालयको कार्य विभाजन

### १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-

१. प्रदेश मन्त्रिपरिषद् सम्बन्धी कार्य,
२. प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
३. प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाका लागि मन्त्रालयलाई निर्देशन, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
४. प्रदेश सरकारको कार्यविभाजन नियमावली तर्जुमा, कार्यान्वयन र अनुगमन,
५. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा, कार्यान्वयन र अनुगमन,
६. प्रदेशका मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, नियन्त्रण, अनुगमन र मुल्याङ्कन,
७. प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
८. विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषद्बाट जारी गर्ने,
९. प्रदेशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने र सो को सम्बोधन,

१०. शासकीय सुधार, सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रदेश निजामती सेवाको सुधार,

११. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोग, प्रदेश कानून बमोजिम गठित निकायसँगको सम्पर्क र समन्वय,

१२. प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

१३. प्रदेश निजामती सेवा पुरस्कार,

१४. प्रदेशस्तरका आयोग वा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी कानूनको तर्जुमा र कार्यान्वयन,

१५. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

१६. प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानून तर्जुमा एवम् कार्यान्वयन,

१७. कर्मचारीहरुको अभिलेख व्यवस्थापन,

१८. प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,

१९. प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण, स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालीम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,

२०. प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन,

२१. अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

२२. संघ र स्थानीय तहसँगको समन्वयमा कानूनी अनुसन्धान र कानूनी साक्षरता,

२३. स्थानीय तहका न्यायिक समितिहरुको क्षमता विकास, सम्बन्ध, सहयोग र सहकार्य,

२४. स्थानीय तहहरुको कानून निर्माणमा क्षमता विकास, सहयोग र सहकार्य,

२५. प्रदेश कानून तर्जुमाको सम्बन्धमा समितिको गठन र सो सम्बन्धि विधि निर्माण र कार्यान्वयन,

२६. सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा समन्वय तथा अनुगमन,

२७. राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसँग सम्बद्ध अन्य निकायहरुसँगको समन्वय, सम्बन्ध र सहकार्य,

२८. मानव अधिकारको सम्मान, संरक्षण तथा प्रबर्द्धनका सम्बन्धमा अनुगमन र प्रतिवेदन,

२९. नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी सन्धी सम्झौताहरुको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

३०. निर्वाचन कार्यमा सहयोग र समन्वय।

**२. गृह, सञ्चार तथा कानून मन्त्रालयः-**

१. प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,

४. संघीय र प्रदेश कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

६. लागू औषध तथा मानव बेचविखन नियन्त्रण,

७. लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,

८. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

९. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

१०. सामुदायिक प्रहरी,

११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

१२. विवाद व्यवस्थापन,

१३. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

१४. निवारक नजरबन्द र स्थानहद सम्बन्धी,

१५. अन्तर प्रदेश सुरक्षा, आपूर्ति समन्वय र सम्बन्ध,

१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन र व्यवस्थापन एवं उपाधि, सम्मान, विभूषणको सिफारिस,

१७. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,

१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान,
१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,
२०. विपद् पूर्वसूचना प्रणाली सञ्जाल व्यवस्थापन र कार्यान्वयन,
२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
२२. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,
२४. प्रदेशमा भ्रमण गर्ने अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन तथा आवास व्यवस्थापन,
२५. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,
२६. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,
२८. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,
२९. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,
३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,
३१. प्रदेशभित्र सूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

३२. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण र अनुगमन,

३३. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तआवद्धता, सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्ट तथ्याङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूति,

३४. साइवर सुरक्षा अनुगमन,

३५. छापा सञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, बर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

३६. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

३७. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

३८. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

३९. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

४०. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

४१. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,

४२. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,

४३. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,

४४. प्रदेश कानूनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन,

४५. प्रदेश कानूनको प्रकाशन तथा वितरण,

४६. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,

४७. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशन एवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

४८. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

४९. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्बन्धी कानूनी राय,

५०. संघीय तथा प्रदेश कानूनको कार्यान्वयन, निःशुल्क कानूनी सहायता र न्यायमा पहुँच अभिबृद्धि,

५१. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय र प्राधिकरणलाई कानूनी राय,

५२. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

५३. न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

५४. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा, सुविधा सम्बन्धी कानून तर्जुमा,

५५. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

५६. प्रदेश सभासँगको समन्वय,

५७. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ३. अर्थ मन्त्रालयः-

१. प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

३. प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,

४. संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

५. प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,

६. राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,

७. प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

८. प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन,

९. प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,

१०. संघीय नीति अनुरुप सहवित्तीयकरण,

११. प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,

१२. प्रदेश आर्थिक ऐन, प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,

१३. प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

१४. प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,

१५. प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

१६. प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,

१७. घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१८. संघीय कानून अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,

१९. राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२०. संघ र स्थानीय तहसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,

२१. प्रदेश तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

२२. बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

२३. प्रदेशस्तरका सार्वजनिक संस्थान, बैङ्क तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

२४. आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य,

**४. खेलकुद तथा समाज कल्याण मन्त्रालयः-**

१. खेलकूद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन,
२. खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन,
३. राष्ट्रिय र प्रादेशिक खेलकूद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,
४. युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा प्रोत्साहन,
५. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
६. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन,
७. महिला अधिकार सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,
८. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,
९. बाल बालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

१०. बाल अधिकार सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

११. बालमैत्री शासकीय प्रवन्ध, सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

१२. जेष्ठ नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

१३. जेष्ठ नागरिक सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१४. अपाङ्गता भएका नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

१५. अपाङ्गता भएका नागरिक सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१६. लैंगिक तथा यौनिक अल्पसंख्यक नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन,

१७. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

१८. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख व्यवस्थापन र समन्वय,

१९. समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

२०. सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,

२१. समाज कल्याणका लागि धार्मिक तथा साँस्कृतिक समन्वय, सहयोग तथा सम्पदा व्यवस्थापन

५. **शिक्षा तथा संस्कृति मन्त्रालयः-**

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेशस्तरको शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

३. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

४. प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

५. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालीम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण,

६. प्रदेशस्तरको शैक्षिक मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

७. प्रदेशस्तरमा शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

८. माध्यमिक तहको परीक्षा व्यवस्थापन,

९. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

१०. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपयोग,

११. वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार र विकास,

१२. विज्ञान प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,

१३. संस्कृतिको विकास सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१४. भाषा, लिपि, संस्कृति, ललितकलाको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

१५. ऐतिहासिक, धार्मिक,पुरातात्विक, साँस्कृतिक कला र वास्तुकलाको दृष्टिले महत्वपूर्ण स्थल र धरोहरहरुको अध्ययन, अनुसन्धान तथा संरक्षण एवं सो सम्बन्धी नीति र कानून तर्जुमा, कार्यान्वयन,

१६. सांस्कृतिक परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,

१७. सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, पूर्वाधार निर्माण, कार्यान्वयन, व्यवस्थापन र नियमन,

१८. विश्वसम्पदा सूचीमा परेका सम्पदा, प्राचिन स्मारक एवं स्थल र दरवारहरुको संरक्षण, सम्भार, उत्खनन् तथा पुनर्निर्माण तथा व्यवस्थापन सम्बन्धी विषय,

६. **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः-**

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेशमा स्वास्थ्य सेवामा आवद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण, कार्यान्वयन र अनुगमन,

३. प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,

४. स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,

५. प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,

६. ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण र सोको कार्यान्वयन तथा अनुगमन,

७. स्वास्थ्य सेवाको प्रभावकारिता अभिबृद्धिका लागि संघ र स्थानीय तहसँग समन्वय र सहकार्य,

८. स्वास्थ्यकर्मीको आचार संहिता निर्माण, कार्यान्वयन तथा अनुगमन,

९. प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेस, शवबाहन र सम्पतिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,

१०. नागरिकलाई अत्याधुनिक तबरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने विषय,

११. प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रसामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

१२. स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,

१३. प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

१४. राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामाग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन,

१५. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,

१६. राष्ट्रिय मापदण्ड बमोजिम  संघ र स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य बीमाको कार्यान्वयन र पहुँच बिस्तार एवं सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

१७. औषधि निगरानी (फर्मा कोभिजिलेन्स), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (एन्टि माइक्रोवायल रेसिस्टेन्स) न्यूनिकरण,

१८. खोपको आपूर्ति र व्यवस्थापन,

१९. संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरीद तथा आपूर्ति व्यवस्थापन,

२०. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह प्रणालीको व्यवस्थापन,

२१. जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

२२. सूर्तिजन्य वस्तुको नियन्त्रणका लागि समन्वय तथा नियमन,

२३. स्वास्थ्य सम्बन्धी आपत्कालीन अवस्था, महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधि तथा औषधिजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

२४. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

२५. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

२६. मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको समन्वय, नियमन र व्यवस्थापन,

२७. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

२८. प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

२९. स्वास्थ्य सरसफाई तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

३०. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

३१. जनसङ्ख्या, बसाईँसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा संघ तथा स्थानीय तहसँग समन्वय।

## ७. भौतिक पूर्वाधार विकास मन्त्रालयः-

१. प्रदेशभित्रको ग्रामीण तथा शहरी विकास योजना तर्जुमा, ग्रामीण तथा शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार,

२. ग्रामीण तथा शहरी आवास/भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र नियमन,

३. प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४. प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,

५. प्रदेशस्तरमा भवन संहिताको कार्यान्वयन र नियमन,

६. प्रदेशको राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,

७. भौगर्भिक अध्ययन, सुरक्षित बसोवास, बस्ति एकीकरण र स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

८. रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,

९. प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, सडक सुरक्षा, कार्यान्वयन र नियमन,

१०. सडक, पुल, झोलुङ्गे पुल लगायत अन्य भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना

तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन,

११. प्रदेश लोकमार्ग मर्मत सम्भार कोष व्यवस्थापन,

१२. आदिबासी, सीमान्तकृत, गरिब, लोपोन्मुख, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन।

**८. उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः-**

१. प्रदेशस्तरको खानेपानी, सिंचाई, उर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,

२. प्रदेशस्तरमा खानेपानी, सिंचाई तथा उर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

३. खानेपानी, सिंचाई तथा उर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

४. राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,

५. प्रदेशको जलश्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन,

६. प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

७. प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

८. जल गुणस्तर सम्बन्धी प्रयोगशाला व्यवस्थापन,

९. खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

१०. स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

११. सबैलाई स्वच्छ खानेपानीको उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,

१२. फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,

१३. ढल निकास तथा सरसफाई व्यवस्थापन।

## ९. वन तथा वातावरण मन्त्रालयः-

१. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,

३. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,

४. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,

५. चिडियाखानाको व्यवस्थापन,

६. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन,

७. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह,

८. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,

९. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,

१०. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड,

११. प्रदेशस्तरमा जलाधार संरक्षण सम्बन्धी नीति, प्रविधि विकास, व्यवस्थापन,

१२. प्रदेशभित्र भू तथा जलाधार एवं चुरे संरक्षण,

१३. वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,

१४. वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

१५. वातावरणीय सूचना प्रणालीको स्थापना एवं वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, अनुगमन र नियमन,

१६. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,

१७. वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,

१८. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

१९. न्यून कार्वनमूखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरितक्षेत्र प्रवर्द्धन,

२०. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, सम्वर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण,

२१. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

२२. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन,

२३. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण व्यवस्थापन,

२४. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन,

२५. प्रदेशभित्र वृक्षारोपण तथा संभार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२६. प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,

२७. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

**१०. उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयः-**

१. उद्योग तथा वाणिज्य सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन,

२. उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,

३. औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

४. संघको समन्वय र सहकार्यमा प्रदेशमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

५. औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,

६. प्रादेशिक व्यापार प्रवर्द्धन, समन्वय, तथ्याङ्क प्रणाली,

७. बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन, अनुसन्धान र नियमन,

८. ढुवानी र परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

९. संघको सहमतिमा औद्योगिक विषयका करारजन्य सम्झौता,

१०. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन,

११. खानी तथा खनीज पदार्थको अन्वेषण र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन,

१२. संघको समन्वयमा खानीजन्य पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना र सञ्चालन,

१३. खानी सम्बन्धी भौगर्भिक अध्ययन, अनुसन्धान र नक्साङ्कन,

१४. वस्तु तथा सेवा आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन,

१५. सँघ र स्थानीय तहसँगको समन्वयमा उपभोक्ता अधिकार संरक्षण तथा प्रवर्द्धन,

१६. सँघ र स्थानीय तहसँगको समन्वयमा सिन्डिकेट, कार्टेलिङ, अनुचित मुल्यवृद्धि, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् बजार अनुगमन,

१७. संघीय मापदण्ड अनुसार स्ट्याण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

१८. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबीच समन्वय,

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा र कार्यान्वयन,

२०. संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति, कानून तर्जुमा तथा कार्यान्वयन र नियमन,

२१. संघसँगको समन्वयमा दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२२. प्रदेशस्तरमा औद्योगिक हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

२४. प्रदेशभित्रका ठूला, साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२५. औद्योगिक तथा व्यापारिक प्रदर्शनीको आयोजना,

२६. उद्यमशीलता विकास, तालिम, औद्योगिक प्रशिक्षण,

२७. औद्योगिक विवाद समाधान ।

२८. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, कार्यान्वयन र नियमन,

२९. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,

३०. पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,

३१. ग्रामीण पर्यटन, पर्या पर्यटन, सम्मेलन पर्यटन, धार्मिक पर्यटन इत्यादि सम्बन्धी,

३२. संघीय कानून बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन,

३३. संघ र प्रदेशको सम्बन्धित मन्त्रालयसँगको समन्वयमा पर्यटकीय प्रहरीको व्यवस्थापन,

३४. महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन तथा अनुसन्धान, पर्यटकीय गन्तव्य स्थलको पहिचान र प्रर्वद्धन,

३५. होमस्टे सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र सो सम्बन्धी पूर्वाधार निर्माण,

३६. साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रर्वद्धन,

३७. पर्यटकीय पदमार्ग र पर्यटकीय एडभेन्चर क्रियाकलापहरु सम्बन्धी ।

## ११. श्रम तथा यातायात मन्त्रालयः-

१. श्रम सम्बन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

२. प्रदेश श्रम सल्लाहकार परिषद्, श्रम र सामाजिक सम्वाद सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

३. श्रमशक्ति, श्रम सम्बन्ध, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान, श्रमशक्ति सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन

४. सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,

५. सामाजिक सुरक्षाको सम्बन्धमा संघ, प्रादेशिक निकाय तथा स्थानीय तहसँग सम्पर्क, समन्वय र सहकार्य,

६. रोजगारी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन,

७. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य,

८. बैदेशिक रोजगारमा जाने र फर्कने नागरिकको अभिलेख व्यवस्थापन,

९. बैदेशिक रोजगारबाट फर्केकाहरुको ज्ञान सीप उपयोग गर्ने नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन,

१०. रोजगार सम्बन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापना,

११. सीप विकास सम्बन्धी विषय,

१२. गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान र सोको अभिलेख व्यवस्थापन,

१३. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

१४. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन गरी प्रदेशमा नागरिकलाई झन्झटरहित, बिचौलियारहित, अनियमिततारहित र सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण, सार्वजनिक यातायातको रुट

अनुमति, चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

१५. सवारी चालक अनुमती सम्बन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्वारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको व्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन,

१६. प्रदेशभित्र सार्वजनिक यातायातको मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

१७. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

१८. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

१९. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

## १२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः-

१. भूमी व्यवस्थापन, भू–उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

२. प्रदेश संरचना निर्माणका लागि संघ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने । साथै, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

३. संघीय सरकारबाट भूमि सम्बन्धी नक्सा, भौगोलिक सूचना र अभिलेख प्राप्त गर्ने विषय, प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

४. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

५. क्रमबद्ध कित्ता नापी र भूमी लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,

६. भूमिहीनको जीविकोपार्जन र पुनःर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

७. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिने वा उपयोग गर्ने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

८. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

९. कृषि, पशु विकास तथा खाद्य सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

१०. कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण,

११. कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन,

१२. कृषि तथा पशु व्यवसायको यान्त्रिकीकरण, विकास तथा विस्तार,

१३. कृषिबाली तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,

१४. कृषिउपज, कृषिजन्य बस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बीउबिजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन,

१५. प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,

१६. कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,

१७. कृषि मल, बीउ र बिषादी आपूर्ति व्यवस्था र नियमन,

१८. कृषि प्रसार, कृषक तालीम तथा क्षमता विकास र सशक्तिकरण,

१९. कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,

२०. कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,

२१. कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन,

२२. राष्ट्रिय नीति बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

२३. सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन,

२४. चरन तथा खर्क सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

२५. कृषिजन्य र पशुपन्छीजन्य औषधि, बिषादी र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन ।

२६. सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

२७. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

२८. सहकारी सम्बन्धी संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका निकायसँग समन्वय र सहकार्य,

२९. सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन ।

**आज्ञाले**

**रामकृष्ण पुडासैनी**

स्वीकृत मिति :- २०८०।०६।१६

**प्रदेश सचिव**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**



गृह,सञ्चार तथा कानून मन्त्रालय,मधेश प्रदेश बाट प्रकाशित